नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
म्याग्दी, बेनी

फो.नं. कोड ०६९
प्र.जि.अ. ५२०३४३
स.प्र.जि.अ. ५२०२२३
फ्याक्स ५२०१३३
Email: daomyagdi@gmail.com
Web: daomyagdi.moha.gov.np

visit Nepal 2020 Lifetime Experiences

प.स.:- ०७६/७७
च.नं. :-

मिति:-२०७७/०१/०३

## जिल्ला प्रशासन कार्यालय म्याग्दीको सवारी पास व्यवस्थापन सम्बन्धमा
## अत्यन्त जरुरी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड-१९) को रोकथाम र नियन्त्रणको लागि नेपाल सरकारले जारी गरेको बन्दाबन्दी (Lockdown) लाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न साथै आम जनजीवन सहज र सुलभ बनाउन जिल्ला प्रशासन कार्यालय म्याग्दीले अत्यावश्यक सवारी साधनको लागि मात्र सवारी पासको निम्नानुसार व्यवस्था गरेको व्यहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिन्छ।

कसैलाई अत्यावश्यक रुपमा सवारी पास आवश्यक परेमा निम्नानुसार अनलाईन दरखास्त दिन सकिने व्यवस्था गरिएको छ।

- मोबाईलको मेसेज बक्समा गई १११२ मा जुनसुकै कोड हानी SMS गर्ने।
- SMS गरिसकेपछि Inbox मा https//epass.moha.gov.np लिकं आउनेछ, उक्त लिंक खोली पासको लागि आवश्यक अनुरोध कर्ताको विवरण, परिचयपत्र, सवारी साधनको विवरण साथै सहयोगी कागजात जस्तै अस्पतालको कागजात, कार्यालयको सिफारिस, मृत्यु खुल्ने कागजात वा तस्वीर अपलोड गरी पेश गर्ने।
- अनलाईन फारम पेश गरिसकेपछि सम्बन्धित जिल्ला प्रशासन कार्यालयले पास विवरण मापदण्डको आधारमा पास दिने/नदिने निर्णय गर्नेछ। सोको जानकारीको लागि तपाईको मोबाईल Inbox मा म्यासेज प्राप्त हुनेछ।
- अनलाईन फारम स्वीकृत भएमा मोबाईलमा एउटा कोड प्राप्त हुनेछ। उक्त कोड नै तपाईको सवारी अनुमति पास हुनेछ।

**नोट:- जिल्ला प्रशासन कार्यालयले अति आवश्यक सवारी साधनको लागि मात्र पास स्वीकृत गर्ने हुदाँ, अनावश्यक रुपमा अनलाईन दरखास्त नदिइ बन्दाबन्दी (Lockdown) लाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुर्याउनु हुन समेत अनुरोध छ।**

०७७।०१।०३
महेश सुवेदी
सहायक प्रमुख जिल्ला अधिकारी